सिंहदरबार, काठमाडौं, नेपाल
फोन नं. : ९७७-१-४२००४९
फ्याक्स : ९७७-१-४२११८७
E-mail :info@mole.gov.np
Website :moless.gov.np

# नेपाल सरकार
## श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
## (प्रधानमन्त्री रोजगार कार्यक्रम)

प.१ १६५

मितिः २०७६/०३/०५

विषय : कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना सञ्चालन सम्बन्धमा ।

**श्री स्थानीय तहहरु, सबै ।**

**(संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत) ।**

प्रस्तुत विषयमा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत चालु आ.व.मा कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना सञ्चालन गरी बेरोजगार व्यक्तिहरुलाई न्यूनतम रोजगारी प्रदान गर्न **कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७६** तर्जुमा गरी सबै स्थानीय तहहरुलाई सोही कार्यविधि र अन्य प्रचलित ऐन, नियम बमोजिम खर्च गर्ने गरी नेपाल सरकारबाट सशर्त अनुदानका रुपमा बजेट हस्तान्तरण भई आएको व्यहोरा अवगतै छ । सबै जसो स्थानीय तहहरुले उक्त कार्यविधि बमोजिम आयोजना सञ्चालनमा ल्याई बेरोजगार व्यक्तिहरुलाई रोजगारी प्रदान गर्न सुरु गरिसकेकोमा मन्त्रालय कार्यक्रमको पूर्ण सफलताको कामना सहित धन्यवाद व्यक्त गर्दछ ।

कार्यक्रम कार्यान्वयनका क्रममा केही स्थानीय तहहरुले संचालन गरेका केही आयोजनाहरु स्वीकृत कार्यविधि बमोजिम सञ्चालन नगरिएको भनी विभिन्न सञ्चार माध्ययम तथा सामाजिक सञ्जालहरुमा प्रकाशित एवं प्रशारित समाचारहरुप्रति मन्त्रालयको ध्यानाकर्षण भएको छ । यस सम्बन्धमा सबै स्थानीय तहहरुले आफ्ना आयोजनाहरुको सघन अनुगमन गरी यदि कुनै कमी कमजोरी रहेको पाइएमा समयमै सच्याउन र आयोजनाका बाँकी कार्यहरु सम्पूर्ण रुपमा **कामका लागि पारिश्रमिकमा आधारित आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७६** तथा अन्य प्रचालित ऐन, नियमहरुको परिधिभित्र रहेर पूर्ण वित्तीय अनुशासन कायम हुने गरी सञ्चालन गर्नु गराउनु हुन मन्त्रालयको माननीय मन्तीस्तरको मिति २०७६/०३/०५ को निर्णय अनुसार अनुरोध छ ।

(प्रकाश दाहाल)
सहसचिव

" नतिजामुखी प्रशासनः समृद्धि र सुशासन"